नेपाली राजदूतावास
मस्कट, ओमान
سفارة النيبال
مسقط - سلطنة عمان
Embassy of Nepal
Muscat, Sultanate of Oman

# प्रेस विज्ञप्ति

ओमानका लागि नेपाली राजदूत महामहिम सर्मिला पराजुली ढकालज्यूले आज ओमानको परराष्ट्र मन्त्रालयको पश्चिम एशिया विभाग प्रमुख महामहिम मुसा विन हमाद अल ताइज्यूलाई वहाँको कार्यकक्षमा परिचयात्मक भेटघाट गर्नुभयो।

उक्त अवसरमा महामहिम राजदूत सर्मिला पराजुली ढकालज्यूले महामहिम मुसा विन हमाद अल ताइज्यूलाई सफल कार्यकालको शुभकामना दिंदै वहाँको कार्यकालमा पहिले जस्तै अनवरत सहयोग पाइराख्ने अपेक्षा व्यक्त गर्नुभयो। त्यसैगरी महामहिम राजदूतज्यूले नेपाल र ओमान बिच पछिल्लो द्विपक्षीय सम्बन्धका आयामहरूको बारेमा प्रकाश पार्दै आपसी द्विपक्षीय सम्झौता, व्यपार सम्बन्धी सम्झौता लगायत विविध विषयहरुबारे महामहिमज्यूलाई अध्यावधिक गराउनुभयो। महामहिम अल ताइज्यूले आफूले भर्खरै यस महाशाखा सम्हालेकाले उपरोक्त विषयहरूमा यथासक्य चाँडो निष्कर्षमा पुग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उक्त अवसरमा नेपाली राजदूतावासका द्वितीय सचिव श्री सोमेश थापा एवम् पश्चिम एशिया विभागका अन्य कर्मचारीको पनि उपस्थिति रहेको थियो।

१२ फेब्रुअरी, २०२०
नेपाली राजदुतावास, मस्कट, ओमान।

नेपाली राजदूतावास
मस्कट, ओमान

Shatti Al-Quram, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Fax : +968 24696772, Email: eonmuscat@mofa.gov.np